गण्डकी प्रदेश सरकार

# उद्योग तथा पर्यटन मन्त्रालय

पोखरा, कास्की, नेपाल

## स्थानीय कच्चा पदार्थमा आधारित उद्योगलाई आधुनिक प्रविधिका उपकरण वितरण गर्ने कार्यक्रममा सहभागी हुन आवेदन पेश गर्ने सम्बन्धीको १५ दिने सूचना

**प्रथम पटक प्रकाशित मिति २०८२।११।०४**

यस मन्त्रालयको चालु आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम बमोजिम **स्थानीय कच्चा पदार्थमा आधारित उद्योगलाई अनुदान** दिने कार्यक्रम रहेकोले तपसिल बमोजिमका सर्तहरूको अधीनमा रही सहभागी हुन ईच्छुक प्रचलित कानुन बमोजिम दर्ता तथा नवीकरण भई सञ्चालनमा रहेका स्थानीय कच्चा पदार्थमा आधारित उद्योगहरूले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्रमा तोकिए बमोजिमका कागजात संलग्न गरी यस मन्त्रालय वा यस मन्त्रालय मातहतका जिल्लास्थित एकीकृत सेवा कार्यालयहरूमा आवेदन पेश गर्नुहुन सूचित गरिएको छ ।

**सर्तहरू**

- विगत ५ वर्षमा सरकारी निकायबाट कुनै पनि अनुदान प्राप्त नगरेको हुनुपर्नेछ।
- एक पटक पनि प्रविधि प्राप्त नगरेका उद्यमीलाई प्राथमिकता दिइनेछ।
- उपकरण खरिद उद्यमी स्वयंले गर्नुपर्नेछ। उपकरणको कुल मूल्यको ५०% मन्त्रालय र ५०% उद्यमीले बेहोर्नुपर्नेछ। तर पचास प्रतिशत रकम एकलाख रूपैयाँ भन्दा बढी भएमा मन्त्रालयले अधिकतम एकलाख रूपैयाँ मात्र साझेदारी गर्नेछ र बाँकी बढी हुने रकम उद्यमी स्वयंले बेहोर्नुपर्नेछ।
- उपकरण माग गर्दा उद्योगसँग सम्बन्धित आधुनिक उपकरणहरू माग गर्नुपर्नेछ।
- उद्यमीले अनुदान स्वरूप प्राप्त गरेको उपकरण उद्योगको उद्देश्य अनुरूप बाहेक अन्यत्र प्रयोग गर्न पाइनेछैन।
- प्राप्त गरेको उपकरण अरूलाई बिक्री वितरण वा हक हस्तान्तरण गर्न र प्रयोगहीन वा दुरूपयोग गर्न पाइनेछैन। यदि त्यसो गरेको प्रमाणित भएमा उद्यमीलाई उपलब्ध गराइएको प्रविधि बापतको रकम असुल उपर गरी त्यस्ता उद्यमीलाई यस कार्यक्रमबाट पुनः प्रविधि उपलब्ध गराइनेछैन र प्रचलित कानुन बमोजिम कारवाही गरिनेछ।
- आवेदकहरूले प्राप्त गरेको अधिकतम अङ्कका आधारमा क्रमशः योग्यताक्रम कायम गरी छनौट गरिनेछ।

आवेदन दिंदा पेश गर्नुपर्ने कागजातहरू:

- उद्योग दर्ताको प्रमाणपत्र र नवीकरण अद्यावधिक रहेको प्रमाणपत्रको प्रतिलिपि।
- PAN/VAT को दर्ता प्रमाणपत्रको प्रतिलिपि र आ.व. २०८१/०८२ सम्मको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि।
- उद्योग सञ्चालनमा रहेको सम्बन्धमा सम्बन्धित स्थानीय तहको सिफारिस पत्र।
- माग गरेको प्रविधि/उपकरणको नाम, मूल्य र स्पेसीफिकेशन खुलेको कोटेशन
- अघिल्ला पाँच आर्थिक वर्षमा अनुदानको लागि प्रस्ताव आह्वान गरिएकोमा कुनै कार्यालयबाट अनुदान प्राप्त गरे वा नगरेको स्व:घोषणापत्र
- उद्योगको सञ्चालन सम्बन्धी संक्षिप्त विवरणसहितको व्यवसायिक योजना

रकम भुक्तानी माग गर्दा पेश गर्नुपर्ने कागजातहरू:

- सम्झौता बमोजिमको लागत साझेदारी अनुदान भुक्तानी पाउँ भन्ने बेहोराको निवेदन।
- उपकरण खरिदको VAT बिल
- उपकरण खरिद गरेको आपूर्तिकर्ता/पसलको बैंक खातामा कुल मूल्यको ५०% रकम दाखिला गरेको बैंक भौचर वा नगदी रसिदको सक्कल प्रति (भौचरमा रकम जम्मा गर्नेको नाम राख्दा उद्योग/उद्यमीको नाम खुलाउनुपर्नेछ)
- उपकरण खरिद गरेको आपूर्तिकर्ता/पसलको एकप्रति चेक, पसल दर्ता तथा नवीकरणको प्रतिलिपि, PAN/VAT दर्ताको प्रतिलिपि, गत आ.व. सम्मको करचुक्ताको प्रमाणको प्रतिलिपि।
- खरिद गरेको उपकरणको फोटो

गण्डकी प्रदेश सरकार
उद्योग तथा पर्यटन मन्त्रालय
पोखरा, नेपाल

# <u>आवेदन पत्र</u>

मितिः .........................

श्री उद्योग तथा पर्यटन मन्त्रालय,
गण्डकी प्रदेश, पोखरा।

**विषयः** उपकरण/यन्त्र खरिदका लागि अनुदान उपलब्ध गराइ पाउँ।

महोदय,

उपर्युक्त विषयमा हाम्रो ................................................................................ उद्योगको क्षमता तथा गुणस्तर वृद्धिका लागि तपसिल बमोजिमको उपकरण आवश्यक परेकोले यस मन्त्रालयबाट मिति............................मा प्रकाशित सूचनाअनुसार **<u>स्थानीय कच्चा पदार्थमा आधारित उद्योगलाई</u>** आधुनिक प्रविधिका उपकरण उपलब्ध गराउने कार्यक्रमबाट सो उपकरण अनुदानमा उपलब्ध गराइदिने व्यवस्थाका लागि देहायको विवरण तथा कागजात सहित निवेदन पेश गरेको छु।

- उपकरण/यन्त्रको नामः ........................................................................... संख्या.........
- स्पेशिफिकेशनः .............................................................................................
- अनुमानित बजार मूल्यः ...................................................................................

**निवेदक तथा उद्योगको विवरणः**

१. उद्यमीको नामः ...............................................................

२. उद्योगको नामः .....................................................................................

३. उद्योगको ठेगानाः (क) गाउँपालिकाः ........................... वडा नं. ...... टोलः ..................
(ख) महानगर/नगरपालिकाः ................ वडा नं. ...... टोलः ..................

४. उद्योगको किसिम (कुनै एकमा ✓ चिन्ह लगाउनुहोस)ः

क) स्थानीय कच्चा पदार्थको प्रयोगको स्तर (उच्च/मध्यम/न्यून)    ख) उत्पादनमुखी/आर्थिक वृद्धि गर्ने उद्योग
ग) परम्परागत सीपमा आधारित तर आधुनिकीकरण गरिएको    घ) अन्य उद्योग

५. उद्यमीको किसिमः (कुनै एकमा ✓ चिन्ह लगाउनुहोस)

(क) वैदेशिक रोजगारीबाट फर्किएका    (ख) १८ देखि ४० वर्ष उमेर समूहका युवा    (ग) अन्य

६. उद्योग दर्ता नं.ः ........................ दर्ता मितिः ........................... सञ्चालन भएको अवधिः ....... वर्ष

७. उद्योगमा लगानी भएको जम्मा पुँजीः ................................................
क) स्थीर पुँजीः............................. ख) चालु पुँजीः ................................

८. उद्योगबाट उत्पादन हुने वस्तु तथा सेवाको विवरण (वार्षिक) ................................................

९. जम्मा रोजगारी संख्याः ........... जना (स्थानीय.........जना, स्थानीय वाहेक स्वदेशभित्रकै........ जना, विदेशीः....... जना)

१०. उद्योगसँग सम्बन्धित विषयमा तालिम प्राप्त गरेको/नगरेकोः .................. (गरेको भए विवरण .......

| **संलग्न कागजातहरूः** | **<u>आवेदककोः</u>** |
|---|---|
| • उद्योगको दर्ता तथा नवीकरण प्रमाणपत्रको प्रतिलिपि<br>• PAN/VAT दर्ताको प्रमाणपत्रको प्रतिलिपि तथा गत आ.व.को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि<br>• प्रस्तावित उपकरणको विवरण तथा लागत अनुमानको कोटेशन<br>• व्यवसायिक योजना र स्वघोषणा<br>• उद्योग सञ्चालनमा रहेको सम्बन्धी वडाको सिफारिस | हस्ताक्षरः ...........................................<br>नामः ..................................................<br>सम्पर्क नं.ः ..........................................<br>छापः |

# व्यावसायिक योजना

१. उद्योगको विवरणः

- नामः ...........................................................................................
- प्रकारः .........................................................................
- दर्ता गरेको निकायः ........................................................
- दर्ता नं.ः ...........................दर्ता मितिः..............................सञ्चालित अवधिः ......... वर्ष
- ठेगानाः ...................................................................
- उद्यमी/प्रोप्राइटर/प्रमुखको नामः ..........................................................................................
- सम्पर्क नं.ः ..........................................................................
- सम्बन्धित सिप, तालिम तथा अनुभवः ..................................................................................

२. उद्योगको हालको उत्पादन अवस्था

- पुँजी लगानीः (क) स्थीर पुँजी रू. ................................ (ख) चालु पुँजी रू.................................
- उत्पादन भइरहेको वस्तु/सेवाः ......................................................................................
- उत्पादन प्रक्रियाः ...........................................................................
- हालको वार्षिक उत्पादनः ..................................................................................
- हाल प्रयोग भइरहेका उपकरणहरूः ..........................................................................
- प्रयोग हुने कच्चा पदार्थहरूः ....................................................................................
- कच्चा पदार्थको स्रोत (स्वदेशी/विदेशी)ः ......................................
- रोजगारी वार्षिक : .................. जना (महिला.......... पुरूष..........) (स्थानीय...... जना, वाहिरी ..... जना)
- कामको आधारमा रोजगारीः (क) नियमित तलबमा.......... जना (ख) मौसमी ज्यालामा.......... जना

३. हालको आर्थिक कारोबारको अवस्थाः

- वार्षिक आम्दानीः ...........................................वार्षिक खर्चः....................................................
- वार्षिक नाफाः .................................................. घाटा...............................................

४. हालको बजारको अवस्थाः

- नजिकको बजारको नामः ................................................................. दुरीः..........................
- लक्षित ग्राहक वर्गः ..........................................................................................
- बजारको माग अवस्था (अत्याधिक/ठीकै मध्यम/न्यूनः .................................................................
- प्रतिस्पर्धी अन्य उत्पादनहरूः .................................................................................................
- बजार विस्तारको सम्भावनाः ...........................................................................................
- हाल देखिएका समस्या/चुनौतीः ..................................................................................

५. प्रविधि उपकरण आवश्यक पर्नुको कारणः ........................................... ........................................... .....
..................................................................................................................................................

६. माग गरिएको प्रविधि उपकरणको विवरण

| क्र.सं. | उपकरण/मेशिनको नाम | स्पेसिफिकेसन | संख्या | अनुमानित लागत रू. |
|---|---|---|---|---|
| | | | | |

७. प्रविधि उपकरण प्रयोगपछि हालको अवस्थामा आउने अपेक्षित सुधारहरूः

.................................................................... ......................................................................

...........................................................................

८. उपकरण प्राप्तिपछि हुने अपेक्षित लाभ/वृद्धि (अनुमानित वार्षिक):

- उत्पादन वृद्धिः ...................................................... आम्दानी वृद्धिः ............................................
- वार्षिक नाफाः ................................................. रोजगारीमा वृद्धि हुने संख्याः .............................

उद्यमीको हस्ताक्षरः .............................
नाम, थरः.......................
मितिः.........................
छापः

---

# स्वघोषणा

उद्योग तथा पर्यटन मन्त्रालय, गण्डकी प्रदेशको मिति .................................. को ............................ पत्रिकामा प्रकाशित सूचना अनुसार ........................................................................................ उद्योगको प्रमुख/सञ्चालक ........................... जिल्ला .................................. गा.पा./न.पा./म.न.पा. ........ नं. वडा ............................. गाउँ/टोल स्थायी ठेगाना भएको म ............ .... .... .... ... ... ... ... ... ... ... ... ... ... ... ले ५०% लागत साझेदारीमा आधुनिक प्रविधिको उपकरण अनुदानमा लिनको लागि व्यवसायिक योजना सहित आवेदन पेश गरेको छु । मैले यसभन्दा अगाडि पाँच वर्षभित्र संघीय सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट यस प्रकृतिको कुनै पनि अनुदान सहयोग नलिएको/नपाएको स्वघोषणा गर्दछु। यदि यो घोषणा झुटो र अन्यथा भएको ठहरिएमा कसुरदारको रूपमा सम्झौता रद्द लगायत कानुन बमोजिमका अन्य सजाय भोग्न तयार छु भनी सही छाप गरेको छु।

| दायाँ | वायाँ |
|---|---|
| | |

उद्यमीको हस्ताक्षरः .....................................

नाम, थरः ..................................

मितिः ..................................

छापः